# स्थानीय राजपत्र

मेलम्ची नगरपालिकाद्वारा प्रकाशित

खण्ड ४) माघ १२ गते, २०७७ साल) संख्या : १

**भाग-१**

# मेलम्ची नगरपालिका सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

## लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७

**प्रस्तावना :-** समाजमा हुने सवै प्रकारका लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित अपराधीलाई दण्डनीय बनाई पिडितलाई क्षतिपुर्ति दिलाउने र शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा विशेष अवसरद्वारा लैङ्गिक समानता कायम गर्ने उदेश्यका साथ पीडितलाई तत्काल उद्बार गर्न, औषधि उपचार गर्न, कानुनी सहायता, मनोवैज्ञानिक उपचार लगायतका कार्य गर्न नेपाल सरकारबाट राजपत्रमा प्रकाशित लैङ्गिक हिंसा निवारण कोष

(सञ्चलन) (दोस्रो संशोधन) नियामावली २०७६ को भावना अनुरुप महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट सशर्त अनुदानमा प्राप्त रकम र स्थानीय तह लगायत अन्यत्रबाट प्राप्त रकम समेतलाई लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी सो कोषबाट पीडितलाई तत्काल उद्धार र राहत तथा पुनर्स्थापना गर्ने, पीडित तथा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल सहज एवं एकरुपता बनाउने उदेश्यले मेलम्ची नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मेलम्ची नगर कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागु गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम " मेलम्ची नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) " शाखा" भन्नाले महिला, बालबालिका तथा सामाजिक समावेशीकरण शाखा सम्झनु पर्छ।

(ख) " कोष" भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारणका लागि स्थापित स्थानीय राहत तथा उद्धार कोष सम्झनु पर्छ।

(ग) " पीडित " भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ।

(घ) " मन्त्रालय " भन्नाले भन्नाले संघीय सरकारको महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ङ) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत समाजमा हुने सबैखाले लैङ्गिक हिंसा सम्झनु पर्छ।

(च) "समिति" भन्नाले दफा ६ बमोजिमको "स्थानीय राहत तथा उद्धार समिति" सम्झनु पर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मेलम्ची नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ज) "लेखा अधिकृत" भन्नाले मेलम्ची नगरपालिका नगर कार्यपालिकाको लेखा अधिकृतलाई सम्झनु पर्छ।

३. **कोषको स्थापना :** (१) "लैङ्गिक हिंसा निवारणका लागि स्थानीय राहत तथा उद्धार कोष" नामको एक कोष स्थापना गरिने छ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नगरपालिमाबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(३) उपदफा (१) बमोजिमको रकम नेपाल राष्ट्र बैकबाट "क" वर्गको इजाजत प्राप्त बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ।

(४) कोषको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ।

४. **कोषको उपयोग :** (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न राहत प्रदान गर्ने तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ग) कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(घ) कुनै व्यवसाय गर्नको लागि स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदानको रुपमा प्रदान गर्न,

(ङ) पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना गराउन,

(च) पीडितको लागि समितिले तोके बमोजिमको अन्य काम गर्न।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ।

५. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** (१) कोषको रकम दफा ४ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन।

६. **समितिको गठन :** (१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) नगर उप-प्रमुख -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येबाट १ जना, मनोविमर्शकर्ता १ जना र प्रभावितमध्येबाट १ जना गरी समितिको अध्यक्षले तोकेको ३ जना -सदस्य

(घ) नगरपालिकाको जनस्वास्थ्य शाखा प्रमुख -सदस्य

(ङ) महिला, बालबालिका तथा सामाजिक समावेशिकरण शाखा प्रमुख -सदस्य-सचिव

(३) समितिको सचिवालयको रुपमा महिला, बालबालिका तथा सामाजिक समाबेशिकरण शाखा रहनेछ।

७. **समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) यस कार्यविधिको दफा ४ बमोजिमको कार्य गर्न कोषमा रकम विनियोजनको लागि प्रस्ताव पेश गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन कोषमा रकम जुटाउने,

(ग) सचिवालयको काम कारवाहीको अनुगमन गर्ने गराउने,

(घ) नगरपालिका क्षेत्रभित्र घटेका लैङ्गिक हिंसा सम्बन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,

(ङ) सीपमुलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदान प्रदान गर्ने सम्बन्धी मापदण्ड बनाई लागु गर्ने,

(च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासंग समन्वय गर्ने,

(छ) कोष वृद्धिको लागि श्रोतको खोजी गर्ने,

(ज) लैङ्गिक हिंसा निवारण सम्बन्धी अन्य काम गर्ने गराउने,

(झ) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ञ) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने,

(ट) लैङ्गिक हिंसा न्यूनिकरणको लागि स्थानीयस्तरमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

८. **समितिको बैठक र निर्णय :** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सवै सदस्यहरुलाई दिनु पर्नेछ।

(४) समितिको कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिले बैठकमा आवश्यकता अनुसार कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गरि राख्नेछ।

९. **कोषलाई रकम उपलब्ध गराउने :** पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि नगरपालिकाले प्रत्येक वर्ष अनिवार्य रुपमा कोषमा रकम विनियोजन गर्नेछ ।

**१०. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :**

(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ :-

(क) पीडितलाई तत्काल उद्वार गर्नु पर्ने भएमा, सवारी साधन प्रयोग गर्नु पर्ने भए सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकमको अतिरिक्त खाना, खाजा र बास समेत प्रति व्यक्ति प्रतिदिन रु एक हजारका दरले बढीमा पाँच हजार रुपैयाँसम्म,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउदाँ जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकमको अतिरिक्त खाना, खाजा र बास समेत प्रति व्यक्ति प्रतिदिन रु एक हजारका दरले तीन दिनको र उपचार खर्च समेत गरी बढीमा पाँच हजार रुपैयाँ,

(ग) कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी वा लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदान समेत गरी बढीमा तीस हजार रुपैयाँ,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृती हेरी बढीमा पन्ध्र हजार रुपैयाँ,

(छ) पीडितसंग कुनै बाल बच्चा भए बालबच्चाका लागि पीडित सरहको खाना खर्च रकम,

(२) उपदफा (१) बमोजिमक रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले समितिमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा त्यस्तो पीडितलाई पच्चिस हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम थप गरीदिन सक्नेछ ।

११. **राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई अनुसूची १ मा उल्लेख भए बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा समितिले दफा ११ को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ।

१२. **तत्काल रकम उपलब्ध गराउन सक्ने :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट पच्चिस हजार रुपैयाँमा नबढ्ने गरी सम्बन्धित पीडितलाई तत्काल उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइएपछि बस्ने बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ।

१३. **कोषको लेखा र लेखापरीक्षण :** (१) कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

१४. **आर्थिक (रिभल्भिङ) कोष :** यो कोष आर्थिक (रिभल्भिङ) कोषको रुपमा रहनेछ। यो कोष समितिको सिफारिसमा परिचालन गरिनेछ।

१५. **प्रतिवेदन पेश गर्ने :** (१) समितिले प्रत्येक चौमासिक रुपमा सो समितिबाट भए गरेका काम कारबाहीको प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ।

(२) समितिले आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र सो समितिबाट अघिल्लो आर्थिक वर्षमा भएका सम्पूर्ण काम कारवाहीको प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) नगरपालिकाले उपदफा (२) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

१६. **बैठक भत्ता :** समितिका अध्यक्ष वा सदस्यहरुले सो समितिको बैठकमा भाग लिए बापत नगरपालिकाले तोके बमोजिमको रकम उपलब्ध गराउन सक्नेछ ।

१७. **निर्देशन दिन सक्ने :** (१) नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाले समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१८. **बाधा अड्काउ फुकाउने :** यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

१९. **खारेजी र बचाउ :** यो कार्यविधि लागु हुन पूर्व यस कार्यविधिसँग सम्बन्धित भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ र अन्य कुरा प्रचलित ऐन कानुन बमोजिम हुनेछन् ।

# अनुसूची

(दफा ११ सँग सम्बन्धित)

श्री अध्यक्षज्यु,

स्थानीय उद्धार तथा राहत समिति

मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक

विषय : सहयोग उपलब्ध गराई पाउँ।

म ...........................................मा बस्ने वर्ष ......... को ......................................मिति ..................मा लैङ्गिक हिंसाबाट पिडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा (.........................................) भएको कारणले मेरो मानसिक/ शारीरिक/ सामाजिक अवस्था कमजोर भइ अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/ कानुनी सहायता एवं परामर्श / उद्धार / मनोविमर्श / स्वरोजगार / पुनस्थापना/ अन्य ....................................कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु।

निवेदकको :-

नाम थर :

ठेगाना :

दस्तखत :

मिति :

प्रमाणीकरण मितिः२०७७।१०।१२

**आज्ञाले**
**कुमार प्रसाद कोइराला**
**प्रमुख प्रशासकीय अधिकृत**